कार्यपालिकाबाट स्वीकृत मिति :२०७७/०७/०६

स्थानीय विषय अन्तर्गत थारु मातृभाषा माध्यामबाट पठनपाठन हुने गरी स्थानिय पाठ्यक्रम विकास तथा कार्यान्वयन

कार्यविधि २०७७

कैलारी गाउँपालिका,

कैलाली,सुदूरपश्चिम प्रदेश,नेपाल

स्थानीय थारु भाषा पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यविधि २०७७

प्रस्तावना :

भाषा, कला, साहित्य र संस्कृति समाजको ऐना हो र अमर निधी हो । जसले समाजको आवश्यकतालाई चित्रित गर्दै सभ्य मानवीय मूल्य मान्यता स्थापित गर्न सृजनशिल र समुन्नत समाज निर्माणमा अहम भूमिका निर्वाह गर्दछ । संघीय संरचनामा यस प्रकारका निधिको प्रवर्द्धन गर्नु स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको जिम्मेवारी हो । आफ्नो भाषा, कला, संस्कृतिप्रति सजग र त्यसप्रति संवेदनशील बन्न विद्यालय तहका बालबालिकाहरुका लागी मातृ भाषामा शिक्षण सिकाई क्रियाकलापहरु सञ्चालन गर्न केन्द्रीय तहमा निर्माण गरिएको पाठ्यक्रमको सबै अंश स्थानीय तहमा हुबहु लागु हुन नसक्ने कुरालाई हृदयङ्गम गरी स्थानीय तहबाट पनि केही अंशको पाठ्यक्रम निर्माण गरी त्यसको कार्यान्वयन हुनुपर्ने कुरा स्वीकारिएको छ र स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय तहलाई नै स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्ने अवसरको उपयोग गर्दै बहुसंख्यक थारु जनजाति बसोबास गर्ने यस गाउँपालिका अन्तर्गत सबै आधारभूत विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म स्थानीय विषय अन्तर्गत थारु मातृभाषा विषयमा भाषा, कला, साहित्य, संस्कृति र भुगोललाई पाठ्यक्रमको रुपमा समेटेर नेपालको संविधान २०७२ को भाग ३ को धारा ३१ को उपधारा ५ को नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागी विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको प्रावधान र अनुसूचि ८ को दफ ९ अन्तर्गत आधारभूत र माध्यमिक शिक्षा सम्बन्धि प्रावधानमा रहेर कैलारी गाउँपालिकाद्वारा थारु मातृभाषा माध्याम बाट पठनपाठन हुने गरी स्थानिय विषय पाठ्यक्रम निर्माण र कार्यान्वयन कार्यविधि २०७७ जारी गरिएको छ ।

परिच्छेद-१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम **'स्थानिय विषय अर्न्तगत थारु मातृभाषामा पाठ्यक्रम निर्माण र कार्यान्वयन कार्यविधि २०७७'** रहेको छ ।

२. यो कार्यविधि कैलारी गाउँपालिकाले निर्णय गरेको मितिदेखी लागु हुनेछ ।

२. परिभाषा :

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

१. गाउँपालिका भन्नाले कैलारी गाउँपालिकालाई सम्झनुपर्दछ ।

२. विद्यालय भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई संचालन भएको सामुदायिक वा संस्थागत विद्यालय वा सार्वजनिक तथा निजी शैक्षिक गुठीद्वारा संचालित विद्यालय वा विद्यालय शिक्षाका सबै प्रकारका शिक्षण संस्था सम्झनुपर्छ र सो शब्दले परम्परागत विद्यालयलाई समेत जनाउँछ ।

३. विद्यार्थी भन्नाले सबै प्रकारका विद्यालयमा औपचारिक, आनौपचारिक रुपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका सम्झनुपर्छ ।

४. थारु भन्नाले आफ्नो अलग्गै भाषा, संस्कृति, पहिचान भएका नेपालको थारु जनजातिमा सूचिकृत विभिन्न थर, गोत्र भएको समुदायलाई सम्झनुपर्छ ।

५. थारु मातृभाषि विद्यार्थी भन्नाले नेपालको आदिबासी थारु जनजातिमा परिभाषित विभिन्न थर, गोत्र भएका र बोलचालको थारु मातृभाषा प्रयोग गर्ने सबै प्रकारका विद्यालयमा औपचाारिक, अनौपचारिक रुपमा अध्ययनरत् वा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका सम्झनुपर्छ ।

६. स्थानीय भाषा शिक्षक भन्नाले गाउँपालिकाले लागु गरेको थारु मातृभाषा पाठ्यक्रम परियोजना अन्तर्गत नियुक्त विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्र.अ. को जिम्मेवारी पाएको उक्त कार्यक्रम अन्तर्गत नियुक्त शिक्षकलाई समेत बुझ्नुपर्छ ।

७. व्यवस्थापन समिति भन्नाले विद्यालयको समग्र पक्षको व्यवस्था गर्न कैलारी गाउँपालिका बाट जारी भएको आधारभूत तथा माध्यामिक विद्यालय सञ्चालन कार्यविधि अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

८. शिक्षक अभिभावक संघ भन्नाले कैलारी गाउँपालिका बाट जारी भएको आधारभूत तथा माध्यामिक विद्यालय सञ्चालन कार्यविधि अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

९. निर्देशन समिति भन्नाले 'स्थानिय विषय अर्न्तगत थारु मातृभाषा' पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यक्रम निर्देशन समितिलाई सम्झनुपर्छ ।

१०. विनियम भन्नाले यस कार्यविधिको उद्देश्य कार्यान्वयनका लागी बनाइएको विनियमलाई सम्झनुपर्छ ।

११. पदपूर्ति समिति भन्नाले यस कार्यविधि बमोजिम शिक्षक पदपूर्ति गर्न गठित शिक्षक पदपूर्ति समितिलाई जनाउँछ ।

१२. दरबन्दी भन्नाले पाठ्यक्रम कार्यान्वयनका निम्ति थारु मातृभाषा' पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यक्रमले सिर्जना गरेको शिक्षक दरबन्दीलाई सम्झनुपर्छ ।

१३. तोकिए बमोजिम भन्नाले यो कार्यविधि र यस कार्यविधि अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

१४. पाठ्यक्रम भन्नाले थारु मातृभाषाको प्रवर्द्धन, थारु मातृभाषी बालबालिकाको सिकाई सहजताका लागी थारु भाषामा तयार गरिएको सिकाई सामग्रीलाई सम्झनुपर्छ ।

१५. समिति भन्नाले यस कार्यविधि अन्तर्गत गठन भएका विभिन्न समितिहरुलाई सम्झनुपर्छ ।

परिच्छेद-२ ''स्थानिय विषय अर्न्तगत थारु भाषा' पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यक्रम

३. स्थानिय विषय पाठ्यक्रम कार्यक्रम : (१) गाउँपालिकाले १ कक्षादेखी ५ कक्षासम्म १०० पूर्णाङ्क र साप्ताहिक पाठ्यभार १२८ घण्टी रहेको स्थानीय विषय अन्तर्गतको 'थारु भाषा' पाठ्यक्रम लागु गर्न विशेष कार्यक्रम लागु गर्नेछ ।

४. स्थानिय विषय पाठ्यक्रम कार्यक्रमको कार्यान्वयनका लागी आवश्यक कोष निर्माण हुनेछ र उक्त कार्यक्रमको कार्यान्वयनका लागी आर्थिक फीन्डङका लागी विभिन्न संघ संस्थाहरुसँग गाउँपालिकाले सहकार्य गर्न सक्नेछ ।

५. स्थानिय विषय पाठ्यक्रम कार्यक्रमको अवधिलाई क्रमिक रुपमा थप गर्दै जाने र कुनै साझेदार संस्थाको सम्झौता अनुसार सहकार्य अवधि पूरा भएमा त्यसको स्वामित्व गाउँपालिकाले लिइ परीयोजना लाइ निरन्तरता दिने छ ।

परिच्छेद-३ स्थानिय विषय पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यक्रम निर्देशन समिति

६. स्थानिय विषय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यक्रम निर्देशिन समिति सम्बन्धि व्यवस्था : (१) स्थानीय मातृभाषा, थारु भाषा पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न गराउन गाउँपालिका स्तरमा देहाय बमोजिमको एउटा निर्देशन समिति रहनेछ ।

१. गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति निर्देशक

२. गाउँपालिकाको प्रमुख प्रशासकिय कार्यकारी अधिकृत सदस्य

३. गाउँपालिका कार्यसमितिले तोकेको एक जना महिला सहित दुइ जना व्यक्ति सदस्य

४. गाउँपालिकाभित्र अवस्थित सामुदायिक विद्यालयका प्र.अ. तथा मा.वि.शिक्षक मध्येबाट गाउँपालिकाले तोकेको एकजना सदस्य

५. गाउँपालिका भित्र अवस्थित सामुदायिक विद्यालयका वि.व्य.स.तथा शिक्षक अभिभाबक सँघ अध्यक्षहरु मध्येबाट गाउँपालिकाले तोकेको २ जना सदस्य

६. शिक्षक महासंघको अध्यक्ष सदस्य

७. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

७. निर्देशन समितिको काम, कर्तव्य र अधिकार : (१) दफा ६ बमोजिम गठित निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. पाठ्यक्रम विकास र कार्यान्वयनको आवश्यक योजना बनाउने

२. सबै सामुदायिक विद्यालयहरुमा पाठ्यक्रम लागु गराउने ।

३. पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु विज्ञबाट तयार गर्न लगाउने ।

४. पाठ्यक्रमको प्रभावकारीताको मूल्याङ्कन गर्ने

५. पाठ्यक्रम सम्बन्धि विभिन्न तालिम, गोष्ठी, बैठकको आयोजना गर्ने ।

६. पाठ्यक्रम कार्यान्वयनका लागी शिक्षक दर्वन्दि सीर्जना गरी कार्यपालिकाबाट स्वीकृत गराइ शिक्षक व्यवस्थापन गर्ने

७. पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धि आवश्यक अन्य नीतिहरु बनाई गाउँ कार्य समितिबाट पारित गराई लागु गर्ने ।

८. स्थानिय विषय विशेष कार्यक्रमपरियोजना कोषको संचालन गर्ने ।

९. पाठ्यक्रम कार्यान्वयनको वार्षिक प्रतिवेदन तयार पारी गाउँपालिकाको गाउँ सभामा पेश गर्ने ।

परिच्छेद-४ पाठ्यक्रम निर्माण

८. पाठ्यक्रमको उद्देश्य : (१) पाठ्यक्रको उद्देश्य देहायबमोजिम हुनेछ ।

१. थारु भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धन गर्नु

२. बहुसंख्यक थारु भाषी विद्यार्थीहरुका लागी विद्यालय तहका प्रारम्भिक कक्षाहरुमा सरल सिकाईको अनुकुलताको सिर्जना गर्नु ।

३. व्यक्ति, समुह, समाजको स्थानीय आवश्यकता र भावनालाई सम्बोधन गर्नु ।

४. सामाजिक विभिन्नता अनुरुपको पाठ्यवस्तुलाई बढावा गर्नु ।

५. स्थानीय तहमा रहेका महत्वपूर्ण चाडपर्व, स्थान विशेष, कला कौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित सम्मान दिई संबर्द्धन, प्रवर्द्धन र परिचालन गर्नु ।

६. पाठ्यक्रमलाई बढी उपयोगी र सान्दर्भिक बनाउनु ।

७. स्थानीय तहका व्यक्ति र संस्थाको सक्षमता अभिवृद्धि गर्नु

९. पाठ्यक्रमको क्षेत्र तथा विषयवस्तु निर्धारण : (१) पाठ्यक्रमको क्षेत्र तथा क्रम निर्धारणको लागि गा.पा.बाट तोकिएका पदाधिकारीहरु र अन्य सरोकारवाला विच स्थानीय पाठ्यक्रमको खाका निर्माण कार्यशाला सञ्चालन पश्चात उक्त कार्यशालाले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. पाठ्यक्रमको क्रम निर्धारण : यस कैलारी गाउँपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयको आधारभूत तहको कक्षा १ देखी ५ सम्म क्रमिक रुपले पाठ्यक्रम लागु हुनेछ । पाठ्यक्रमको क्रम निर्धारण गर्दा पाठ्यक्रमको क्षेत्रका आधारमा १ देखी ५ कक्षा सम्म विस्तार गरिनेछ ।

११. मूल्याङ्कन प्रणाली : स्थानीय थारु भाषा शिक्षणको लागी देहायका मूल्याङ्कन प्रणाली अवलम्बन गर्न सकिनेछ ।

१. निरन्तर विद्यार्थी मूल्याङ्कन

२. मासिक विद्यार्थी मूल्याङ्कन

३. त्रैमासिक विद्यार्थी मूल्याङ्कन

४. अर्धवार्षिक विद्यार्थी मूल्याङ्कन

५. वार्षिक विद्यार्थी मूल्याङ्कन

१२. पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन समिति : (१) पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखनका लागी स्थानिय थारु भाषा पाठ्यक्रम विकास तथा कार्यान्वयन परियोजना निर्देशन समितिले विज्ञहरु छनौट गरी पाठ्यपुस्तक लेखन समिति गठन गर्न सक्नेछ ।

२. समिति गठनका आधार : पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन समिति गठनका आधारहरु देहाय बमोजिम हुनेछ ।

२. थारु भाषा, कला, संस्कृति सम्बन्धि ज्ञान भएको प्राज्ञीक व्यक्ति

३. पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको ज्ञान भएको प्राज्ञीक व्यक्ति

४. स्थानीय परिवेश, संस्कृति, सम्पदा, भुगोलको ज्ञान भएको प्राज्ञीक व्यक्ति

परिच्छेद-५ स्थानीय विषय अर्न्तगत थारु मातृभाषा पाठ्यक्रम कार्यानवयनका लागी शिक्षक व्यवस्थापन

१३. शिक्षक दर्वन्दी सिर्जना : स्थानीय थारु मातृभाषा पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यक्रमले थारु मातृभाषा शिक्षण गर्न गाउँपालिका भित्रका सबै आधारभूत विद्यालयमा आधारभूत तहको मौजुदा दरवन्दीमा कार्यरत शिक्षक मध्येबाट विद्यालयले तोकेको एक जनालाई वा पर्याप्त दरवन्दी नभएको विद्यालयमा प्राथमिक तृतिय श्रेणीको एक जना स्थानीय थारु मातृभाषा शिक्षकको दर्वन्दी सिर्जना गर्न सक्नेछ ।

परिच्छेद-६ पदपूर्ति प्रक्रिया, योग्यता

१४. शिक्षक पदपूर्ति समिति : (१) स्थानीय थारु मातृभाषा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यक्रम अन्तर्गत गाउँपालिकाद्वारा विद्यालयका लागी सिर्जना गरिएको शिक्षक दर्वन्दीमा शिक्षक नियुक्तिका लागी सिफारिस गर्न सम्बन्धित विद्यालयमा तपसिल अनुसारको एक शिक्षक पदपूर्ति समिति रहने छ ।

१. वि.व्य.स. अध्ययक्ष- अध्यक्ष

२. वि.व्य.स.ले तोकेका विषय विज्ञ २ जना

३. शिक्षा शाखा प्रमुख वा निजले तोकेको एकजना प्रतिनिधि - सदस्य

४. सम्बन्धि विद्यालयको प्र.अ.सदस्य सचिव

(२) उपदफा १ बमोजिम गठित समितिले बनाएको कार्यविधि विधि अनुसार शिक्षक नियुक्ति प्रक्रिया गरिने छ ।

१५. उम्मेदवार छनौट गर्ने तरिका : विद्यालयको रिक्त स्थानीय थारु मातृभाषा शिक्षक पदपूर्तिका लागी उपयुक्त उम्मेदवारको छनौट गर्दा पदपूर्ति समितिले देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछ ।

१. लिखित परीक्षा

२. प्रयोगात्मक परीक्षा

३. अन्तरवार्ता परीक्षा

१६. पदपूर्ति गर्ने तरिका : (१) स्थानीय थारु मातृभाषा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यक्र अर्न्तगत विद्यालयबाट सिर्जना गरिएको स्थानीय भाषा शिक्षक पदपूर्ति गर्न यो कार्यविधि लागु हुनुपूर्व विद्यालयहरुमा निजी शिक्षकको रुपमा नियुक्त भएका शिक्षकहरुका लागी विद्यालयले आन्तरीक मापदण्ड तय गरी नियुक्ति गर्न सक्ने छ ।

२. आन्तरिक प्रतियोगिताद्वारा शिक्षक पदपूर्ति गर्दा यो कार्यविधि लागु हुनुपूर्व प्रत्येक सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुमध्ये कम्तिमा सोही विद्यालयको एकजना शिक्षक सम्बन्धित विद्यालयमा छनौट हुने गरी विद्यालयले मापदण्ड बनाई आन्तरिक प्रतियोगिता सञ्चालन गर्न सक्नेछ तर विदयालयमा प्रयाप्त शिक्षक नभएको अबस्थामा खुल्ला विज्ञापन गरी पदपूर्ति गर्न सक्ने छ ।

३. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको तरिका तथा परीक्षा दस्तुर, दरखास्तको ढाँचा , दरखास्त फाराम दस्तुर र परीक्षा सम्बन्धि अन्य व्यवस्था विद्यालयले तोकेबमोजिम हुनेछ ।

१९. पदपूर्तिको विज्ञापन प्रकाशन गर्ने : (१) दफा १५ बमोजिम सिर्जना भएको दर्वन्दीमा पदपूर्तिका लागी पदपूर्ति समितिले विज्ञापन प्रकाशन गर्नेछ ।

२. उपदफा १ बमोजिम प्रकाशन गरिने विज्ञापनमा दरखास्त फाराम बुझाउने म्याद, रिक्त पद संख्या, परीक्षा दस्तुर, लगायतका अन्य कुराहरु समेत खुलाउनुपर्नेछ । यसरी खुलाउँदा दरखास्त फाराम बुझाउने म्याद कम्तिमा १५ दिन हुने गरी खुलाउनुपर्नेछ ।

२०. पदपूर्तिको विज्ञापन वा परीक्षा रद्द गर्न सक्ने : विद्यालयले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनि परीक्षा सञ्चालन हुनु अगावै विद्यालयलले सो विज्ञापन रद्द गरिदिन कारणसहित लिखित अनुरोध गरेमा पदपूर्ति समितिले त्यस्तो विज्ञापन रद्द गर्न सक्नेछ ।

२१. परीक्षा दस्तुर फिर्ता दिने : (१) दफा २० बमोजिम विज्ञापन रद्द भएमा वा दरखास्त अस्वीकृत भएमा परीक्षा दस्तुर वाफत बुझाएको रकम फिर्ता लिनका लागी सम्बन्धित उम्मेदवारले १५ दिनभित्र परीयोजनामा निबेदन दिएमा उक्त रकम फिर्ता हुनेछ ।

१. यस दफा बमोजिम फिर्ता नभएको रकम परीक्षा दस्तुर विद्यालय कोषमा आम्दानी बाँधिने छ ।

२२. प्रश्न निर्माण र परीक्षा सञ्चालन : (१) पदपूर्ति समितिद्वारा लिइने सबै प्रकारका परीक्षाको लागी प्रश्न निर्माण तथा परीमार्जन पदपूर्ति समितिले तोकेबमोजिम हुनेछ ।

२३. निलम्बन वा निष्काशन गर्न सक्ने : (१) कुनै उम्मेदवारले पदपूर्ति समितिले सञ्चालन गरेको कुनै परीक्षामा अनियमित कामकारवाही गरेमा वा पदपूर्ति समितिले तोकेको शर्तको उल्लंघन गरेमा पदपूर्ति समितिले त्यस्तो उम्मेदवारको परीक्षा रद्द गरी त्यसपछि हुने कुनै पनि विज्ञापन बमोजिमको परीक्षामा पदपूर्ति समितिले तोकेको अवधि सम्म निजलाई उम्मेदवार हुन नपाइने गरी निलम्बन गर्न सक्नेछ ।

२. कुनै उम्मेदवारले कुनै परीक्षामा होहल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा त्यस्तो उम्मेदवारलाई पदपूर्ति समितिले तत्काल परीक्षाबाट निष्काशन गर्न सक्नेछ र त्यसरी निष्काशन भएमा निजको सो विज्ञापन बमोजिमको परीक्षा स्वतः रद्द हुनेछ ।

२४. उत्तरपुस्तिकामा संकेत नम्बर राख्ने : पदपूर्ति समितिद्वारा लिइने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि समितिले तोके बमोजिम प्रक्रियाअनुसार उत्तर पुस्तिकामा संकेत नम्बर राख्नु पर्नेछ ।

२५. उत्तरपुस्तिका परीक्षण गर्ने : (१) दफा २४ बमोजिम उत्तरपुस्तिकामा संकेत नम्बर राखीसकेपछि सम्बन्धित विषय विशेषज्ञ वा अन्य सदस्यद्वारा उत्तरपुस्तिकाको परिक्षण गराउनुपर्नेछ ।

२. उत्तर पुस्तिका परीक्षण सम्बन्धि अन्य व्यवस्था पदपूर्ति समिति आफैले तोके बमोजिम हुनेछ ।

२६. लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्ने : (१) पदपूर्ति समितिले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मध्ये रिक्त पदको अनुपातमा पदपूर्ति समितिले तोके बमोजिमको संख्यामा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाथमर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तरवार्ता लगायत विभिन्न चरणमा दिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत खुलाउनु पर्नेछ ।

२७. अन्तरवार्ता लिनुपर्ने : (१) उम्मेदवारको छनौटका लागी अन्तरवार्ता लिन पदपूर्ति समितिका सबै सदस्यहरुले तोके बमोजिमको कार्य गर्नेछन् ।

२. अन्तरवार्ता सम्बन्धि अन्य व्यवस्था पदपूर्ति समितिले तोकेबमोजिम हुने छ ।

२८. अन्तिम नतिजा प्रकाशन गर्ने : (१) उम्मेदवारको छनौट सम्बन्धि सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि पदपूर्ति समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उममेदवारको रोलनम्बर, नामथर, ठेगाना, पद र श्रेणी समेत उल्लेख गरी योग्यता क्रमअनुसार अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

२. उपदफा १ बमोजिम नतिजा प्रकाशन गर्दा १ (.एक) जना वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्न सक्नेछ ।

२९. नियुक्तिका लागी सिफारिस गर्ने : (१) दफा २८ बमोजिम छनौट भएको उम्मेदवारलाई पदपूर्ति समितिले नियुक्तिका लागी नतिजा प्रकाशन भएको मितिले कम्तिमा एक दिनपछि नियुक्तिका लागी सिफारिस गर्नुपर्नेछ ।

२. यसरी सिफारिस गर्दा सम्बन्धित उम्मेदवारलाई छिटो साधनद्वारा जानकारी गराउनुपर्नेछ ।

३०. उम्मेदवारको योग्यता : पदपूर्ति समितिद्वारा गरिने विज्ञापनमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको

२. स्थानीय थारु मातृभाषा स्पष्टसँग लेखपढ गर्न र बोल्न सक्ने

३. १८ वर्ष पूरा भई ४० वर्ष उमेर ननाघेको

४. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचार अभियोगमा सजाए नपाएको

५. मानसिक सन्तुलन नगुमाएको

६. १०+२ वा सो सरहको शैक्षिक योग्यता भइ अध्यापन अनुमति पत्र प्राप्त

३१. योग्य मानिने : (१)यो कार्यविधि लागु हुनुपूर्व विद्यालयले नियुक्त गरेका निजी शिक्षकहरुको हकमा अध्यापन अनुमति पत्र पाप्त गरी निम्नतम शैक्षिक योग्यता एस.इ.इ. वा सो सरह भएपनि मान्य हुने र उमेरमा हद लागेको मानिने छैन ।

परिच्छेद-७ नियुक्ति, कार्य, आचारसंहिता

३२. सिफारिस गरिएको उम्मेदवारको नियुक्ति : दफा २९ को उपदफा १ बमोजिम सिफारिस गरिएको उम्मेदवारलाई सम्बन्धित विद्यालयले ७ दिनभित्र नियुक्ति दिनुपर्नेछ ।

३३. वैकल्पिक उम्मेदवारको नियुक्ति : दफा २९ को उपदफा १ बमोजिम सिफारिस भएको कुनै उम्मेदवार नियुक्ति पाएको एक महिनाभित्र विद्यालयमा हाजिर नभएमा वा हाजिर भएर एकवर्षभित्र राजिनामा दिई वा अन्य कारणले सो पद रिक्त भएमा विद्यालयले सोको जानकारी गाउँपालिकालाई गराउनुपर्नेछ र जानकारी पाएको मितिले १५ दिनभित्र वैकल्पिक उम्मेदवारलाई विद्यालयले नियुक्ति दिनुपर्नेछ ।

३४. स्थानीय थारु मातृभाषा शिक्षकको कार्य : शिक्षा ऐन, शिक्षा नियमावली र यस कार्यविधिमा अन्यथा लेखिएदेखि बाहेक स्थानीय थारु मातृभाषा विषय शिक्षकले देहायमा उल्लेख गरिए बमोजिम कार्य गर्नुपर्छ ।

१. विद्यालयमा नियमित उपस्थित विद्यालय प्रशासनको मातहतमा रही स्थानीय थारु मातृभाषा शिक्षकको भूमिका निर्वाह गर्ने

२. विद्यालय प्रशासनले तोकेको अन्य जिम्मेवारी बहन गर्ने

३. स्थानीय विषय थारु मातृभाषा पाठ्यक्रम विकास, प्रक्रिया, निर्माण तथा कार्यान्वयन परियोजनालाँई परिणाममुखी बनाउन विद्यालय स्तरमा सक्रिय भूमिका निर्वाह गर्ने

४. आफु कार्यरत विद्यालय विकासको लागी आवश्यक योगदान गर्ने ।

५. आफ्ना विद्यार्थीका लागी असल सहजकर्ता भई भूमिका निर्वाह गर्ने ।

३५. स्थानीय थारु मातृभाषा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताहरु : (१) प्रचलित ऐन कानुन, शिक्षा नियमावली र यस कार्यविधिमा स्थानीय थारु मातृभाषा शिक्षकले पालना गर्नुपर्ने भनि तोकिएका आचारसंहिता स्थानीय थारु मातृभाषा शिक्षकले पालना गर्नुपर्ने छ ।

२. उपदफा १ बमोजिमको आचार संहिता पालन भए नभएको अभिलेख विद्यालयले राख्नुपर्नेछ र आचार संहिता नभएको भए त्यसको विवरण गाउँपालिकामा लेखि पठाउनुपर्नेछ ।

परिच्छेद-८ पुरस्कार, सजाय र पुनरावेदन

३६. स्थानीय शिक्षकलाई प्रदान गरिने पुरस्कार :

१. विद्यालयमा कार्यरत स्थानीय विषय शिक्षकमध्ये सर्वोत्कृष्ट स्थानीय शिक्षकलाई गाउँपालिकाले तोकेबमोजिमको रकम र प्रशंसा पत्र सहित पुरस्कृत गर्नसक्नेछ ।

२. उपदफा १ बमोजिमको सर्वोत्कृष्ट शिक्षक छनौट शिक्षक कार्य सम्पादन मूल्याङ्कनका आधारमा गरिनेछ ।

३. उपदफा २ बमोजिम छनौट भएको शिक्षकलाई स्थानिय विषय विकास तथा कार्यान्वयन निर्देशन समितिको सिफारिस अनुसार गाउँपालिकाले सार्वजनिक रुपमा पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्न सक्नेछ ।

४. स्थानीय शिक्षकको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धि व्यवस्था शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेबमोजिम हुनेछ ।

३७. शिक्षकलाई दिइने सजाय :

१. उचित र प्रयाप्त कारण भएमा स्थानीय मातृभाषा शिक्षकलाई देहायको सजाय गर्न सक्नेछ ।

१. नसिहत दिने

२. भविष्यमा स्थानीय शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हताउने

३. भविष्यमा स्थानीय शिक्षकको नोकरीबाट अयोग्य ठहरीने गरी हटाउने

२. शिक्षकले विद्यालयमा आउने, दैनिक कामकाज गर्ने र जाने समयको पालन नगरेमा नसिहत दिन सकिने छ ।

३. शिक्षकले अनुशासनहीन काम गरेमा, बराबर विद्यालयको समय पालन नगरेमा, आचरणहरुको पालन नगरेमा र तोकिएको कार्य सम्पादन नगरेमा तलब वृद्धि रोक्का गर्न सकिनेछ ।

४. शिक्षकले आफ्नो पदीय दायित्व पूरा नगरेमा, विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, भविष्यमा विद्यालयको स्थानीय शिक्षकको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउन सकिनेछ ।

५. शिक्षकले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेमा र विद्यालयको सम्पत्ति एवम् रकम हिनामिना गरेको कुरा प्रमाणित भएमा भविष्यमा विद्यालयको स्थानीय शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट हटाउन सकिनेछ ।

६. स्थानीय शिक्षकलाई सजाय गर्ने आदेश दिनु अघि सजाय दिन पाउने अधिकारीले निजलाई सफाइको मौका दिनुपर्छ । यसरी सफाइको मौका पाएपछि तोकिएको समय म्यादभित्र सम्बन्धित शिक्षकले आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

७. उपदफा ६ बमोजिम शिक्षकले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजायको आदेश दिन पाउने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्न सक्नेछ ।

३८. निलम्बल गर्ने : (१) कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नुपरेमा निजलाई सजाय दिन पाउने अधिकारीले एक महिनासम्म निलम्बन गर्न सक्नेछ ।

२. नैतिक पतन देखीने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ । यसरी निलम्बन हुने शिक्षकले निलम्बन अवधिभरको तलब भत्ता पाउनेछैन ।

३. कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा वा नोकरीमा नरहेमा निजको निलम्बन समाप्त भएको मानिनेछ ।

४. उपदफा १ बमोजिम कुनै शिक्षक निलम्बन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउनेछ । तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाई पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पुरै तलब पाउनेछ ।

३९. सजाय गर्ने अधिकारी वा निकाय : (१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ ,

१. शिक्षकलाई नसिहत वा तलब बृद्धि रोक्का गर्ने विद्यालय व्यवस्थापन समिति

२. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने गाउँपालिका

४०. विद्यालयलाई नोक्सानी भएको रकम असुली गरिने : कुनै शिक्षकले जानीजानी वा लापरवाही गरी कुनै काम गरेको कारणले विद्यालयलाई कुनै हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानी भएको रकम त्यस्तो काम गर्ने शिक्षकबाट सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

परिच्छेद-९ तलब, विमा र संचयकोष सम्बन्धि व्यवस्था

४१. तलब भत्ता : (१) शिक्षकले आफ्नो पदमा बहाल गरेको मितिदेखी विद्यालयले गाउँपालिकाले तोकिदिए बमोजिमको तलब र भत्ता पाउने छ ।

२. यस कार्यविधि बमोजिम निलम्बन भएकोमा बाहेक शिक्षकले एक शैक्षिक सत्र पूरा गरेपछि गाउँपालिकाले तोकेबमोजिमको तलब वृद्धि दिन सक्नेछ ।

३. पकाएको तलब भत्ता पाउने : शिक्षकले पकाएको तलब निज जुनसुकै व्यहोराबाट सेवामा नरहे पनि पाउनेछ ।

४२. चाडवाड पर्व खर्च पाउने : शिक्षकलाई वर्षमा एकपटक उसले खाइपाइ आएको एक महिना तलब बराबरको रकम चाडवाड खर्चको रुपमा दिन सकिनेछ ।

४३. विमा : (१) स्थानीय विषय थारु मातृभाषा विकास तथा कार्यान्वयन कार्यक्रम अन्तर्गत विद्यालयले स्थानीय थारु भाषा शिक्षकको विमाको लागी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४४. संचयकोष : (१) विद्यालयले स्थानीय विषय शिक्षकहरुको मासिक तलबबाट केहि प्रतिशतका रकम कट्टा गरी शिक्षक कर्मचारी कोषमा रकम जम्मा गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम कट्टी गरेको शत प्रतिशत बराबरको रकम विद्यालयबाट थप गरी शिक्षक/कर्मचारी कोषमा रकम जम्मा गर्न सक्नेछ ।

परिच्छेद-१० विदा, काज तथा सरुवा सम्बन्धि व्यवस्था

४५. स्थानीय शिक्षकले पाउने विदा : (१) यस कार्यक्रम अन्तर्गत नियुक्त स्थानीय शिक्षकले देहाय बमोजिमका विदाहरु पाउनेछन् ,

१.	भैपरि आउने विदा वर्षभरीमा	६ दिन
२.	पर्व विदा वर्षभरिमा	६ दिन
३.	विरामी विदा वर्षभरिमा	१२ दिन
४.	सुत्केरी विदा, सुत्केरीको अघि वा पछि	९८ दिन
५.	किरिया विदा	१५ दिन
६.	प्रसुति स्याहार विदा	१५ दिन

२. पर्व विदा आधा दिन पनि लिन सकिनेछ ।

३. सुत्केरी विदा बढीमा दुई पटक मात्र लिन सकिनेछ ।

४. शिक्षक आफै किरियामा बस्नुपरेमा किरिया विदा पाउनेछ । महिला शिक्षकले पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला शिक्षकले पनि किरिया विदा पाउनेछ ।

५. उपदफा १ को १, २, ३, ४, ५ र ६ मा उल्लेखित विदामा बस्ने शिक्षकले पूरा तलब पाउनेछ ।

४६. विदा दिने अधिकारी : (१) स्थानीय शिक्षकको विदा प्रधानाध्यापकले स्वीकृत गर्नेछन् ।

२. एक हप्ताभन्दा बढी अवधिको लागी विदा दिइएको अवस्थामा प्रधानाध्यापकले सोको जानकारी विद्यालय व्यवस्थापन समितिलाई गराउनुपर्नेछ ।

४७. गयल कट्टी गरिने : (१) कुनै शिक्षकले विदा नलिई विद्यालयमा अनुपस्थित भएमा अनुपस्थित भएको दिनको गयल जनाई सो दिनको तलब कट्टा गरिनेछ ।

२. उपदफा १ बमोजिम कट्टा गरिएको रकम विद्यालय कोषमा आम्दानी बाँध्नुपर्ने छ ।

४८. विदा सहुलियत मात्र हुने : विदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ

४९. काज तथा दैनिक भ्रमण भत्ता : (१) विद्यालय सम्बन्धि कामको लागी विद्यालय बाहिर बास बस्नुपर्ने गरी खटिने शिक्षकले विद्यालयको नियमानुसारको काज पाउनेछ ।

२. उपदफा १ बमोजिम विद्यालयको कामको शिलशिलामा काजमा खटिएको स्थानीय शिक्षकले विद्यालयले तोकेको रकम दैनिक भ्रमण भत्ता वाफत पाउनेछ ।

५०. सरुवा सम्बन्धि व्यवस्था : (१) यस अन्तर्गत नियुक्त स्थानीय शिक्षकको सरुवा गाउँपालिकाले आवश्यकताको आधारमा गर्न सक्नेछ ।

२. सरुवा गर्दा शिक्षकको घरपायक पर्ने गरी गर्नुपर्नेछ ।

परिच्छेद -११ सेवा निवृत्तपछिका सुविधाहरु

५१. उपदान कोष : (१) यसकार्यक्र अर्न्तगत विद्यालयमा कार्यरत् शिक्षकहरुलाई सेवा निवृत्त भएपछि विद्यालयले उपदान दिने प्रयोजनको लागी उपदान कोष खडा गर्न सक्नेछ ।

परिच्छेद-१२ विविध

५२. बाधा अड्काउ : यस कार्यविधि अनुसार गरिने कामकाजमा कुनै कुरा अस्पष्ट भई बाधा अड्काउ उत्पन्न हुन गएमा उक्त बाधा अड्काउ फुकाउने काम गाउँपालिकाको कार्य समितिको बैठकको निर्णयबाट गरिनेछ ।

५३. उपसमिति गठन गर्न सकिने : (१) यस कार्यविधि बमोजिम कार्य सम्पादनका लागी स्थानिय विषय विकास तथा कार्यान्वयन निर्देशन समितिले आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम गठित उपसमितिले गर्नुपर्ने काम, कर्तव्य र अधिकार स्थानिय विषय विकास तथा कार्यान्वयन निर्देशन समितिले तोकेबमोजिम हुनेछ ।

५४. निर्देशिका बनाउन सक्ने : यस कार्यविधिको अधिनमा रही आवश्यक ठहऱ्याएका विषयमा स्थानिय विषय विकास तथा कार्यान्वयन निर्देशन समितिको सिफारीसमा गाउँपालिकाले विद्यालयका लागी नियम वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

५५. संशोधन गर्न सकिने : आवश्यकताको आधारमा यस कार्यविधिको संशोधन र परिमार्जन स्थानिय विषय विकास तथा कार्यान्वयन निर्देशन समितिको सिफारीसमा गाउँपालिकाले गर्न सक्नेछ ।